दक्षिणकाली नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

फर्पिङ, काठमाण्डौं बागमती प्रदेश

प.स : २०८१/२०८२
च.नं. - १८६३

मिति : २०८२/०१/०९

## प्रेस विज्ञप्ति

नेपाल शिक्षक महासंघको नेतृत्वमा शिक्षक तथा विद्यालय कर्मचारीहरुले मिति २०८१/१२/२० गते देखि काठमाडौं केन्द्रित आन्दोलनमा ऐक्यवद्धता जनाउँदै आज २१ दिन भैइसक्दा पनि कुनै निष्कर्ष ननिस्किएको सन्दर्भमा विद्यालयमा विद्यार्थीहरुले पढ्ने र सिक्ने अधिकारबाट वञ्चित भएको हुदाँ शिक्षक कर्मचारीहरुको उचित र जायज माग छिटो भन्दा छिटो सम्बोधन गरी शिक्षक र कर्मचारीहरुलाई विद्यालयमा फर्कने वातावरण मिलाई दिनु हुन नेपाल सरकार समक्ष दक्षिणकाली नगरपालिका जोडदार माग गर्दछ ।

विद्यालय बन्द भएको कारणले शैक्षिक सत्र २०८२ को विद्यार्थी भर्ना अभियान, पाठ्यपुस्तक वितरण, शैक्षिक कार्ययोजना निमार्ण र विषयगत शिक्षकहरुको अभिमुखीकरण तालिम लगायतमा वाधा पुगेको हुदाँ वर्तमान परिप्रेक्ष्यमा आफ्नो माग र विचार राख्न पाउँने संविधान प्रदत्त अधिकार प्रयोग गर्दै पदीय जिम्मेवारी र कर्तव्य तर्फ गम्भीर हुँदै वालवालिकाको भविष्य प्रति उत्तरदायी भइ पठनपाठन र शैक्षिक गतिविधिलाई सुचारु हुने लोकतान्त्रिक विधि र प्रकृया अनुसार आन्दोलन स्वरुप परिवर्तन गरी तत्काल विद्यालयको नियमित पठन पाठनमा फर्कने वातावरण  मिलाउनु हुन सबै सरोकारवालाहरुलाई हार्दिक अपिल गर्दछौं ।

..................................

मोहन बस्नेत
नगर प्रमुख